नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक २६५ २०८३ साल जेठ १६ गते शनिबार (30 May 2026 Saturday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : कीर्तिमानले गौरवान्वित ... ३ पृष्ठमा : राजनीतिक परिवर्तनले मात्र ... ३ पृष्ठमा : इरान-अमेरिका युद्धविराम ...

# आ.व. २०८३/८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोडको बजेट सार्वजनिक

**दैनिक समाचारदाता**
**राजविराज, १५ जेठ ।**

सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँ बराबरको बजेट सार्वजनिक गरेको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार संघीय संसद्को संयुक्त बैठकमा बजेटको आकारबारे जानकारी गराएका हुन् ।



यसमध्ये चालु खर्च १२ खर्ब ७० अर्ब ५८ करोड अर्थात् ५९.८ प्रतिशत, पूँजीगततर्फ ४ खर्ब ३१ अर्ब १० करोड अर्थात् २०.३ प्रतिशत र वित्तीय व्यवस्थातर्फ ४ खर्ब २२ अर्ब २४ करोड रुपैयाँ अर्थात् १९.९ प्रतिशत विनियोजन गरिएको छ ।

बजेट बेहोर्ने स्रोतमध्ये राजस्वबाट १४ खर्ब ५ अर्ब ३१ करोड, वैदेशिक अनुदानबाट ६१ अर्ब ७४ करोड छ । वैदेशिक ऋणबाट २ खर्ब ४७ अर्ब जुटाइने भएको छ । आन्तरिक ऋणबाट ४ खर्ब १९ अर्ब आन्तरिक ऋणबाट बेहोरिने भएको छ ।

चालु आर्थिक वर्षमा सरकारले १९ खर्ब ६४ अर्ब ११ करोड विनियोजन गरिएको थियो । यसमध्ये यो वर्ष खर्च हुने अनुमान गरिएको खर्चको तुलनामा यो २५ प्रतिशतले बढी हो ।

# कर्मचारीहरूको सुरु तलब स्केलमा १० प्रतिशतले वृद्धि

**दैनिक समाचारदाता**
**राजविराज, १५ जेठ ।**

अर्थमन्त्री स्वर्णिम वाग्लेले संघीय संसदमा पेस गरेको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट भाषणका क्रममा कर्मचारीहरूको सुरु तलब स्केलमा १० प्रतिशतले वृद्धि गरिएको जानकारी दिएका छन् ।

पछिल्लो चार वर्षदेखि कर्मचारीको तलब नबढेको अवस्थालाई मध्यनजर गर्दै हाल कायम रहेको महँगी भत्तालाई समेत निरन्तरता दिई यो नयाँ व्यवस्था लागू गरिएको उनले बताए ।

बजेट वक्तव्यका क्रममा अर्थमन्त्री वाग्लेले सुरु स्केलमा १० प्रतिशत तलब वृद्धि गरिएको र कार्यसम्पादनका आधारमा पारिश्रमिक दिने पद्धतिको सुरुवात गर्न थप १० प्रतिशत मासिक प्रोत्साहन भत्ताको व्यवस्था गरिएको बताए ।

कार्यसम्पादनमा आधारित यो नयाँ प्रोत्साहन भत्ताले सार्वजनिक सेवालाई थप नतिजामुखी र व्यावसायिक बनाउने सरकारको विश्वास छ । यस नयाँ व्यवस्थाबाट कर्मचारीहरूले हाल खाइपाइ आएको पारिश्रमिकमा कुल करिब २१ प्रतिशतको वृद्धि हुने उनले बताए ।

यस तलब वृद्धिसँगै अब निजामती, जंगी र शिक्षकहरूको ग्रेडसहितको न्यूनतम तलब करिब ४० हजार रुपैयाँदेखि अधिकतम १ लाख रुपैयाँभन्दा माथिसम्म कायम हुने भएको छ । अर्थात् तल्लो तहका कर्मचारीको न्यूनतम ४० हजार र उच्च ओहोदामा १ लाखभन्दा बढी हुनेछ । नयाँ तलब साउन १ देखि लागू हुनेछ ।

# सप्तरीका दिदी बहिनाले भारोत्तोलनमा ल्याए स्वर्ण



**दैनिक समाचारदाता**
**राजविराज, १५ जेठ ।**

सप्तरीको विष्णुपुर गाउँपालिका १ जमुनी मधेपुरा घर भएका प्रयाग यादव र उनका पत्नी कला देवीलाई दम्पतीको खुशी यतिवेला चरममा पुगेको छ ।

दुई दिन अघि मात्र राजविराजमा सम्पन्न राष्ट्रिय भारोत्तोलन प्रतियोगितामा उनका दुवै छोरीले स्वर्णपदक प्राप्त गरेपछि यादव दम्पतीलाई बधाईको ओइरो लागेको हो ।

यादव दम्पतीका १८ वर्षिया छोरी संतोषीले ६३ केजी तौल समूहमा ३ वटा नयाँ राष्ट्रिय कीर्तिमान समेत रच्दै स्वर्ण पदक प्राप्त गरिन भने १६ वर्षिया छोरी सुष्माले ६३ केजी (यूथमा) स्वर्ण पदक प्राप्त गरेका छिन् । दिदी बहिनीले रचेको इतिहासका कारण सदरमुकाम राजविराज तथा जिल्लाका सर्वसाधारण र खेलप्रेमीमा पनि खुशियाली छाएको छ ।

आर्थिक अवस्था कमजोर भएका कारण रोजगारीका लागि हाल मलेशियामा रहेका प्रयागले छोरीहरुले गरेको उत्कृष्ट प्रदर्शनका कारण आफन्त र शुभेच्छुकहरुको फोनमार्फत बधाई आउने क्रम ह्वातै बढेको बताए ।

यता निवासमा दुई दिन यता बधाइ दिन आउने शुभेच्छुकहरुको भीड लाग्ने गरेको सन्तोषि र सुष्माकी आमा कलादेवीले सुनाईन । उनले छोरीहरुको प्रदर्शनलाई लिएर परिवारसँगै सिंगो गाउँ नै उत्साहित बनेको सुनाईन ।

उनले छोरीहरुले गरेको मेहनतले राम्रो परिणाम दिएको बताइन । सन्तोषी स्नातक तहमा पढ्दै छिन भने सुष्मा भर्खर एसईई पास गरेर कक्षा ११ मा भर्ना हुने तयारीमा छिन ।

उनीहरुले यस खेलमा लाग्न भारोत्तोलनका अन्तर्राष्ट्रिय खेलाडी एव पूर्व प्रक्षिकक सप्तरीकै पुन्तिलाल यादवले प्रेरित गरेको बताएकी छिन् । अहिले पनि आफुहरु यादवकै प्रशिक्षणमा रहेर अभ्यास गरिरहेको दिदी बहिनीको भनाई छ । वैदेशिक रोजगारीका सिलसिलामा सन्तोषि र सुष्माका बुबा विदेशमा छन् ।

दुई दिन अघि सम्पन्न राष्ट्रिय भारोत्तोलन प्रतियोगितामा संतोषी र सुष्मा मात्र नभई यादवकै प्रशिक्षणमा रहेकी सप्तरीकी अम्बिका यादवले ४८ केजी तौल समूह (युथ) तथा ४८ केजी तौल समूह (जुनियर) मा सप्तरीकै अन्जली ठाकुरले स्वर्ण पदक प्राप्त गरेकी छिन ।

यस्तै उनकै प्रशिक्षणमा रहेको सप्तरीबाट अमृता यादवले ५३ केजी (जुनियर), सन्ध्या कुमारी साहले ५३ केजी (युथ), अन्जली यादवले ५८ केजी (जुनियर) र लक्ष्मी यादवले ५८ केजी (युथ) मा स्वर्णपदक ल्याएकी छिन् ।

# आयकर छुटको सीमा १० लाख

काठमाडौँ, १५ जेठ (रासस) ।

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षको बजेटमार्फत कर प्रणालीमा बृहत पुनरावलोकन गर्दै व्यक्तिगत करदाताका लागि रु १० लाखको सीमा तोक्नुभएको छ । साथै, व्यक्तिगत आयकरको अधिकतम दरलाई १० प्रतिशत बिन्दुले घटाइएको उहाँले जानकारी दिनुभयो ।

सङ्घीय संसदको संयुक्त बैठकमा शुक्रबार आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै उहाँले मध्यम वर्गको विस्तारमार्फत समग्र अर्थतन्त्रलाई गतिशील बनाउन कर प्रणालीमा बृहत पुनरावलोकन गरिएको बताउनुभयो ।

यस्तै, औद्योगिक उत्पादनलाई प्रोत्साहन गर्न औद्योगिक कच्चा पदार्थमा लाग्ने भन्सार महसुल तयारी मालवस्तुभन्दा कम्तीमा एक तह कम हुने व्यवस्था मिलाइएको उहाँले बताउनुभयो । यसअन्तर्गत २७३ प्रकारका कच्चा पदार्थमा भन्सार दर घटाइएको छ भने विद्यमान ११ तहको भन्सार संरचनालाई पुनर्संरचना गरी ७ तहमा सीमित गरिएको उहाँको भनाइ छ ।

त्यसैगरी, हाल ३६० वस्तुमा लाग्दै आएको अन्तःशुल्क खारेज गरिएको छ । भन्सार बिन्दुमा सङ्कलन हुँदै आएका पूर्वाधार विकास कर, सडक मर्मत तथा सुधार दस्तुरलगायत छरिएका करहरूलाई एकीकृत गरी 'हरित कर'मा समाहित गरिएको उहाँले जानकारी दिनुभयो ।

त्यस्तै, बजेटमा व्यक्तिको मृत्यु पश्चात हुने अंशवण्डा, हक हस्तान्तरण तथा निकायमा भएको स्वामित्व परिवर्तनका कारण नियन्त्रित निकायमा हुने स्वामित्व परिवर्तनमा आयकर ऐन, २०५८ को दफा ५७ आकर्षित नहुने व्यवस्था गरिएको छ ।

सूचीबद्ध कम्पनीका धितोपत्र बिक्री गर्दा लाग्दै आएको पुँजीगत लाभकरलाई अन्तिम करको रूपमा मान्यता दिने व्यवस्था गरिएको छ । बजेटमार्फत डिजिटल भुक्तानीलाई प्रोत्साहन गर्न उपभोक्ताले डिजिटल माध्यमबाट वस्तु तथा सेवा खरिद गर्दा बिजक जारी भएकै समयमा मूल्य अभिवृद्धि करमा १० प्रतिशत छुट पाउने व्यवस्था कार्यान्वयन गरिएको छ ।

मूल्य अभिवृद्धि कर फिर्ता गर्ने प्रणालीलाई पूर्ण रूपमा स्वचालित बनाउने व्यवस्था बजेटमा गरिएको छ । यस्तै, वस्तु तथा सेवाको खरिद-बिक्रीमा बिजक लिनेदिने संस्कृतिलाई प्रोत्साहन गर्न लट्रीलगायत आकर्षक कार्यक्रम सञ्चालन गरिने बजेटमा उल्लेख छ ।

**सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं ।**

- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने कार्य नगरौं,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच आउने कार्य नगरौं,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुर्‍याउने कार्य नगरौं,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने कार्य नगरौं,
- शान्ति सुरक्षामा खलल पुग्ने कार्य नगरौं,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने कार्य नगरौं,
- जनमानसमा भ्रम सिर्जना गर्ने कार्य नगरौं,

पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्दा सतर्कता अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कीर्तिमानले गौरवान्वित बनाएको सगरमाथा दिवस

**राजु सिलवाल**
काठमाडौँ, १५ जेठ (रासस) ।

प्रत्येक वर्षको वसन्त ऋतु विश्व मानचित्रमा नेपाललाई गौरवान्वित बनाउने महत्वपूर्ण याम मान्ने गरिएको छ विगत वर्षहरू झैं यसपालि पनि नेपालले फेरि विश्वको ध्यान केन्द्रीत गर्न सफल भएको छ । यसपटक विश्वको सर्वोच्च शिखर सगरमाथाको आधार शिविरमा अत्यधिक टोलीको उपस्थितिले वातावरण विशेष चहलपहलमय बन्न पुगेको थियो । आरोहीहरूको चाप आधार शिविरदेखि चुचुरोसम्म जानेक्रममै जारी रहेको थियो । एकैदिन धेरै आरोहीलाई सफलता मिलेको घटनाले पनि विश्वलाई चकित बनाएको थियो ।

सन् १९५३ को मे २९ तारिखका दिन पहिलोपटक पाइला टेकेर विश्व कीर्तिमान बनाउन सफल स्वर्गीय तेन्जिङ नोर्गे शेर्पा तथा स्वर्गीय एडमण्ड हिलारीको पदचापलाई पछ्याउँदै यो वर्ष पनि पर्वतारोहीहरूले विभिन्न नयाँ कीर्तिमान स्थापित गर्न सफल भएका छन् । सफलता जित्नेहरूको पङ्तिमा सहासी नेपाली शेर्पाहरूको सङ्ख्या उल्लेखनीय रहेको छ । मुलुकमा विगतमा तत्कालीन १० वर्षे माओवादी युद्ध, कोभिड २०१९ जस्तो विश्वब्यापी महामारीजस्ता विषम परिस्थितिमा समेत पर्वतारोहण क्षेत्र सुचारु रुपमा सञ्चालन भएर नेपालले विश्वलाई उदाहरण प्रस्तुत गरेको थियो । यसपटक सगरमाथामा हासिल भएका प्रशंशनीय उपलब्धिहरूले केही वर्षदेखि मात्र मनाउन सुरु गरिएको अन्तरराष्ट्रिय सगरमाथा दिवसलाई कीर्तिमानमय एवं अझ उल्लासपूर्ण दिवसका रुपमा परिणत गरिदिएको छ ।

**सयौँको सफलताको सञ्जोग**

सगरमाथाको शिखरमा पुग्ने काम निक्कै कठिन र सहासिक मान्ने गरिएको छ । विगतका वर्षहरूमा हिमाल चढने काम निक्कै जोखिमपूर्ण मानिने गरिन्थ्यो । थियो । ज्यानको जोखिम भएको यथार्थ स्वीकार्दै हिमालमा गएका कयौं आरोहीले कठिन भौगोलिक क्षेत्रमा जीवन गुमाईसकेका छन् तर विज्ञान तथा प्रविधिको विकास बढदै गएसँगै हिजो आज हिमाल चढन गएकाहरूले प्राण नै त्याग्नु पर्ने अवस्था भने कम हुँदै गएको छ । पर्वतारोहीहरूलाई उचित प्रशिक्षणको व्यवस्था, आधुनिक उपकरणको सर्वसुलभता तथा महिनौँपछिको मौसमको सम्भावित अवस्थाबारे भविश्यवाणीको अग्रिम उपलब्धता जस्ता कारणले विगतको भन्दा जोखिमको परिमाण कम हुँदै गएको अनुभव गरिएको छ । पर्वतारोही एक्लै शिखरमा पुग्न समेत कठिन सङ्घर्ष गर्नुपर्ने सगरमाथामा एकैदिन सयौँ पर्वतारोहीले सफलता पाउनु सामान्य उपलब्धि होइन ।

२०८३ जेठ ६ गतेको दिन यस्तो महत्वपूर्ण बन्नपुग्यो, जुन दिन २७४ जनाले सगरमाथामा सफलता पाएका थिए । त्यस्तो कठिन भूभागमा यति ठूलो सङ्ख्यामा प्राप्त भएको सफलतालाई विश्वकै पर्वतारोहणको इतिहासमा नौलो कीर्तिमान मानिएको छ । हिमालमा आरोहण अभियान सञ्चालन गर्ने व्यवसायीहरूको संस्था पर्वतारोहण सञ्चालक सङ्घ नेपालद्वारा यसलाई नेपालको पर्वतीय पर्यटनको इतिहासमा हालसम्मकै ठूलो र ऐतिहासिक उपलब्धि मानिएको छ । यसअघि २०७६ जेठ ८ गते एकैदिन २२३ पर्वतारोहीले सगरमाथाको चुचुरोमा टेकेका थिए । यस वर्ष चीनतर्फ पर्ने सगरमाथाको उत्तरी मोहडाबाट आरोहणका लागि अनुमतिपत्र प्रदान नगरिएकाले आरोहीहरूको चाप नेपालतर्फ बढी भएको थियो । यसप्रकारको अपार सफलतापछि आगामी बसन्त ऋतुमा समेत सगरमाथाप्रतिको आकर्षण अझ बढने आँकलन गरिएको छ ।

**बाटो खोल्ने बहादुरहरू**

सगरमाथामा एकैदिनमा धेरैले सपना पूरा गर्न सफल भएको अवस्था सिर्जना हुनु पछाडि नेपाली रोप फिक्सिङ टोलीका सहासी सदस्यहरूको प्रमुख भूमिका रहेको छ । यही टोलीको सक्रियतामा सगरमाथाको आधार शिविरदेखि चुचुरोसम्म पुग्न आरोहीहरूलाई निक्कै सजिलो भएको थियो । सगरमाथा आरोहणका क्रममा पार गर्नुपर्ने अत्यन्त जोखिमस्थल खुम्बु आइसफललाई मानिन्छ । उक्त स्थलमा कयौं वर्षदेखि धेरैले ज्यान गुमाइसकेका छन् । आइसफल डाक्टरका नामले परिचित अनुभवी हिमाल आरोहीहरूको सीप र साहसले बसन्त ऋतुभरि पर्वतारोहीहरूको लागि शिखरतर्फ जाने बाटो खुल्ला तथा सहज बनाउन सहयोग पुगेको हो ।

आरोहणका लागि प्रारम्भिक रुपमै कठिन मानिएको हिमखाडल अर्थात आइसफलमा भऱ्याङ हाल्नेदेखि लिएर मौसम परिवर्तन पिच्छे बाटो परिवर्तन भैरहने शिखरतर्फको गन्तव्यमा डोरी टाङ्ने जस्तो कठिन काम सम्पन्न गरिएको थियो । आइसफल रुट सञ्चालनको व्यवस्थाका लागि सगरमाथा प्रदूषण नियन्त्रण समिति तथा सगरमाथाको दोस्रो शिविरभन्दा माथि आरोहीको सुविधाका लागि रुट निर्माण गरी डोरी टाङ्ने जिम्मेवारी पर्वतारोही सञ्चालक सङ्घ नेपाललाई दिइएको थियो ।

गत वैशाख ३० गते आरोही मिङमा दोर्जी शेर्पाको नेतृत्वमा खटिएको १३ सदस्यीय टोलीले आठ हजार ८४८.८६ मिटर उचाईको सगरमाथाको सफल आरोहण गर्दै यो सिजनका लागि आधिकारिक रूपमा आरोहण मार्ग निर्माण तथा डोरी टाँग्ने कार्य सफलतापूर्वक सम्पन्न गरेको थियो । उक्त टोलीले सुरक्षित मार्ग तयार गरेपछि उल्लेखनीय सङ्ख्यामा पर्वतारोहीहरूलाई सगरमाथाको शिखरमा जान सुविधा भएको थियो । यसरी अत्यन्त प्रतिकूल मौसम, उच्च हिमाली जोखिम तथा चुनौतीपूर्ण परिस्थितिका बीचमा पनि नेपाली शेर्पा समुदायले पुनः एकपटक आफ्नो साहस, क्षमता र समर्पण विश्वसामु प्रस्तुत गरेका छन् ।

नेपालमा वसन्त ऋतुमा सगरमाथाका साथै अन्य बिभिन्न हिमाल आरोहणका लागि विश्वभरिबाटै आएका आरोहीहरूको सहासिक गतिविधिले हिमाली क्षेत्र रोमाञ्चकारी बन्न पुग्यो । पर्यटन विभागले यो वर्ष सगरमाथा आरोहणका लागि मात्र ४९५ जनालाई अनुमतिपत्र प्रदान गरेको थियो, जसमा ३९० जना पुरुषतथा १०५ जना महिला रहेका थिए । सगरमाथामा आरोहणका लागि सन् १९२२ देखि नै मानिसहरूद्वारा प्रयास गरिए पनि सन् १९५३ मा मात्र पहिलोपटक मानव पाइला शिखरमा पुग्न सफल भएको थियो । हालसम्म हजारौं आरोहीले सगरमाथाको चुचुरोमा टेक्न सफलता पाइसकेका छन् । यसमा नेपाली सहासी शेर्पाहरूको सङ्ख्या सबैभन्दा बढी रहेको छ । सन् २०२५ सम्ममा १३ हजार ७०० भन्दा बढी आरोही सगरमाथाको शिखरमा पुगेका थिए ।

**लगातार विश्व कीर्तिमान**

विश्व कीर्तिमानीहरूको अभिलेख राखिने गिनिज बुक अफ वर्ल्ड रेकर्डस्मा हाल सबैभन्दा धेरै कीर्तिमान राख्ने जातिमा शेर्पाहरूको स्थान उल्लेखनीय रहेको छ । हिमाल आरोहणमा स्थापित विभिन्न कीर्तिमानले सम्पूर्ण नेपालीहरूलाई नै गौरवान्वित बनाउँदै आएको छ । आफ्ना पुर्खाहरूको गौरवमय गाथालाई प्रख्यात नेपाली आरोही कामीरिता शेर्पाले केही वर्षदेखि निरन्तरता दिँदै लगातार विश्व कीर्तिमान कायम गर्दै आइरहनु भएको छ । चौबीस वर्षको उमेरमा पहिलोपटक सन् १९९४ मा सगरमाथामा पाइला टेक्नुभएका कामीरिताले त्यसपछि पछाडि फर्केर हेर्नु परेन । हाल ५६ वर्ष पुग्नुभएका कामीरिताले यही जेठ ३ गते आइतबार बिहान १० बजेर १२ मिनेटमा ३२ औं पटक सगरमाथाको आरोहण गरी फेरि नयाँ विश्व कीर्तिमान स्थापित गर्नुभयो । उहाँले केही वर्षदेखि आफैँले विश्व कीर्तिमान कायम गर्ने तथा फेरि त्यसलाई भङ्ग गर्ने क्रम जारी राख्दै आउनुभएको छ । यसअघि विख्यात आरोही आप्पा शेर्पाले २१ चोटीसम्म सगरमाथा आरोहण गर्दैं सबैभन्दा धेरैपटक सगरमाथा चढ्ने आरोहीको रुपमा विश्व कीर्तिमान कायम गर्नु भएको थियो ।

कामीरिताले आप्पाको कीर्तिमानलाई उछिन्दै २२ औं पटक सगरमाथा चढेपछि विश्व कीर्तिमानीको आफ्नो अग्रता जारी राख्नुभएको छ । ३२ औं उपलब्धि हासिल भएपछि कामीरिताले आफ्नो प्रत्येक आरोहण व्यक्तिगत उपलब्धि मात्र नभई यी अभियानलाई सफल र सुरक्षित बनाउने सबै मेहनती शेर्पा र आरोहीहरूको योगदान भएको धारणा आफ्नो फेसबुक पेजमार्फत व्यक्त गर्नु भएको थियो । उहाँले विश्वको सबैभन्दा अग्लो हिमालबाट अर्को अविस्मरणीय सहासिक कार्य गरेर सुरक्षित रुपमा फर्कन पाउँदा आफूले धन्य महसुस गरेको अनुभव पनि साझा गर्नु भएको छ । ३२ पटकको सफलतापछि पनि उहाँ अझै थाक्नु भएको छैन । उहाँले सञ्चार माध्यमलाई आगामी वर्ष पनि आफ्नो यात्रा जारी रहने सङ्केत गरिसक्नु भएको छ ।

कीर्तिमानका लागि नभएर नेपाललाई चिनाउन आफूले आरोहण गर्ने गरेको कामीरिताको भनाइले उहाँको राष्ट्रप्रेम अभिव्यक्त हुन्छ । सोलुखुम्बुको थामे निवासी कामीरिताले बिगतमा सगरमाथाको रोप फिक्सिङ टोलीमा समेत सरिक भएर आरोहण गर्नुभएको थियो भने धेरैपटक विभिन्न देशका आरोहीहरूलाई पथप्रदर्शन गर्दै शिखरमा जानु भएको हो । विदेशी टोलीसँग गरिएको प्रतिबद्धताका कारण उहाँले अझै आरोहणलाई निरन्तरता दिनुपर्ने अवस्था रहेको छ ।

सगरमाथा आरोहीहरूको सङ्ख्या वर्षेनी बढदै गए पनि त्यहाँको प्राकृतिक अवस्था सहज नभएको स्वयम् आरोहीहरूले नै अनुभव गर्दै आइरहेका छन् । आरोहीहरूलाई सगरमाथाको शिखरमा पुग्नका लागि प्राविधिक चुनौतीका रुपमा मानिएको हिलारी स्टेप खण्डको उचाई, त्यहाँको मौसम तथा आरोहीहरूको भिडका कारण हिमाल चढ्ने कार्य अझै पनि खतरनाक भएको धारणा विश्व कीर्तिमानी आरोही कामीरिता शेर्पाले आफ्नो उल्लेख गर्नुभएको छ ।

**पा दावा पछिपछि**

पा दावा नामले परिचित सोलुखुम्बुको पाङबोचेका वरिष्ठ पथप्रदर्शक पासाङदावा शेर्पाले विश्व कीर्तिमानी कामीरिता शेर्पालाई पछ्याइरहनु भएको छ । ४९ वर्षिय पादावा धेरैपटक सगरमाथा आरोहण गर्नेहरूमा दोस्रो आरोही हुनुहुन्छ । यस पटक उहाँले चार दिनमा दुई पटक शिखरमा पुगेर ३१ औं पटक सफलता प्राप्त गर्नु भएको हो । उहाँ जेठ ८ गते शुक्रबार बिहान ४.२० बजे शिखरमा पुग्नुभएको थियो । यसअघि उहाँ जेठ ४ गते सोमबार बिहान ८.४५ बजे पनि चुचुरोमा जानुभएको थियो । उहाँले सन् १९९८ मा पहिलोपटक सगरमाथा चढेपछि लगातार सर्वोच्च शिखरलाई पछ्याइरहनु भएको छ । गैरशेर्पाहरूमध्ये ब्रिटिस आरोही केण्टोन कूल २० पटक सगरमाथा चढेर धेरैपटक सगरमाथामा सफलता पाउने आरोही बन्नुभएको छ ।

**विश्वकै पहिलो महिला**

विश्वका महिलाहरू मध्ये सबैभन्दा धेरै पटक सगरमाथामा पाइला टेक्न सफल श्रीमती ल्हाक्पा शेर्पाले आरोहणको थकाई नमेट्दै आफू आगामी १० वर्षसम्म सगरमाथामा फर्किरहने जानकारी दिनुभएको छ । नेपालको सङ्खुवासभाको मकालुमा जन्मिनुभएकी श्रीमती ल्हाक्पा शेर्पाले जेठ ३ गते नै ११ पटक सगरमाथाको शिखर चुमेर आफ्नै विश्व कीर्तिमान तोडनुभएको थियो । २०५० सालमा स्वर्गीय पासाङल्हामु शेर्पाले पहिलो नेपाली महिलाका रुपमा सगरमाथाको सगरमाथाको सफल आरोहण गर्नु भएपछि ल्हाक्पा शेर्पा दोस्रो नेपाली महिलाका रुपमा सगरमाथामा सफलता पाउनुभएको थियो । त्यसपछि विभिन्न मितिमा १० पटक सगरमाथाको शिखर उक्लन सफल ल्हाक्पाले केही वर्षपछि पुनः ११ औं पटक सफलता हात पार्नुभएको हो ।

महिला आरोही ल्हाक्पाले आठ पटक चीनको तिब्बततर्फ पर्ने उत्तरी मोहडाबाट तथा तीनपटक नेपालतर्फ पर्ने दक्षिणी मोहडाबाट सगरमाथा चढ्नुभएको हो । कीर्तिमानी आरोही श्रीमती ल्हाक्पा शेर्पाले आफूले यो दुई महिना लामो यात्राको आनन्द लिन पाएकामा फेसबुकमार्फत आभार प्रकट गर्नुभएको छ । उहाँको अबको धोको आफ्ना दुई छोरीसँगै सगरमाथा आरोहण गर्नु रहेको छ ।

अन्य नेपाली महिलाले पनि सगरमाथामा सफलता प्राप्त गरेर मुलुकलाई गौरवान्वित बनाएका छन् । गतवर्ष एकै सिजनमा १३ दिनभित्र तीनपटक सगरमाथा चढेर 'गिनिस अफ वर्ल्ड रेकर्ड'द्वारा सम्मानीत हुनुभएकी फोटो पत्रकार पूर्णिमा श्रेष्ठको सगरमाथामा यसपालिको छैटौं सफलताले नेपाली सञ्चार क्षेत्रले पनि गौरव गर्ने अवसर पाएको छ । गोरखाकी चेली पूर्णिमाले आठ हजार मिटरभन्दा अग्ला विभिन्न आठवटा हिमालको सफल आरोहण गरिसक्नु भएको छ । कुशल फोटो पत्रकार आरोही पूर्णिमाको क्यामराको फ्रेममा सगरमाथाका दुर्लभ दृष्यहरू परेका छन्, जुन तस्बिरहरूले नेपालको पर्वतीय पर्यटनलाई अझ व्यापक रुपमा विश्व बजारमा लैजान थप योगदान दिने अपेक्षा गर्न सकिन्छ ।

सशस्त्र प्रहरी बलमा कार्यरत दुई महिलाले पनि यसपटक सर्वोच्च शिखरको सफल आरोहण गरेका छन् । सफल आरोहीहरूमा सहायक निरीक्षक निमडिक्की शेर्पा तथा सहायक हबल्दार अनिता कार्की हुनुहुन्छ । अनिता फेन्सिङ खेलतर्फ दक्षिण एशियाली खेलकुदमा पदक बिजेता खेलाडी हुनु भएकाले नेपालको खेलकुद क्षेत्र आरोहणको सफलतामा प्रतिनिधित्व हुन पुगेको छ । मेकअप आर्टिष्ट निलम पौडेललाई पहिलो ट्रान्सवुमन सगरमाथा आरोही बन्ने अवसर प्राप्त भएको छ । उहाँले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्व गर्दै सफल आरोहण गर्नुभएको थियो ।

**सदनदेखि समिटसम्म**

पहिलोपटक बहालवाला संसदले सगरमाथामा सफलता पाएको घटनाले पनि वसन्त ऋतुमा चर्चा पायो । प्रतिनिधि सभामा पहिलोपटक पर्वतारोहीको प्रतिनिधित्व गर्ने अवसर पाउनु भएका ताप्लेजुङका मिङ्मा ग्याबु शेर्पाले 'सदनदेखि समिटसम्म अभियान'अन्तर्गत सगरमाथाको चुचुरो चुम्नु भएको छ । उहाँले जेठ १३ गते बुधबार बिहान ६ बजे संसदको लोगो अङ्कित झण्डा सगरमाथामा फहराउनु भएको थियो । उहाँको यो नवौं पटकको सगरमाथा यात्रा थियो । ३० वर्षको उमेरमै आठ हजार मिटरभन्दा बढी उचाई भएका संसारका १४ वटै हिमाल सबैभन्दा कम उमेरमा आरोहण सम्पन्न गर्नु भएका मिङ्मा अहिले सदनमा राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट समानुपातिक सांसदका रुपमा रहनु भएको छ ।

विश्वको दोस्रो ठूलो केटु हिमाल पहिलो पटक हिउँदयाममा आरोहण गरेर पनि कीर्तिमान कायम गर्नुभएका मिङ्मा ग्याबुले अहिले जारी रहेका संसदको बजेट अधिवेशनको छलफल जारी रहेको अवस्थामा सभामुखको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने जिम्मेवारी पनि पाउनुभएको छ ।

**कान्छा आरोही**

सोलुखुम्बुको थुलुङ दुधकोशी लोखिमका १६ वर्षिय छिरिङ पासाङ शेर्पाले आफ्नो बाबु तथा आमाको पदचिन्हलाई पछ्याउँदै शिखरमा सफलता प्राप्त गर्नु भएको छ । माउण्टेन बाईक डाउनहिलका खेलाडी छिरिङका बाबु ल्हाक्पा तेम्बा शेर्पाले तीन पटक सगरमाथा चढिसक्नु भएको छ भने आमा डोल्मा लामाले चार वर्षअघि सगरमाथा चढनु भएको थियो ।

**अन्य उल्लेखनीय सफलता**

पर्वतारोही छुल्दिम आङदोर्जी शेर्पा २५ पटक सगरमाथाको चुचुरोमा पुग्न सफल भए छन् । यसैगरी अर्का पर्वतारोही पेमाछिरिङ शेर्पाले पनि २५ पटक नै शिखरमा पुगेका छन् । उहाँहरूको पछिपछि रहनुभएका दोर्जी ग्याल्जेन शेर्पाले २४औं पटक आरोहण गर्नु भएको छ । यो सिजनमा पनि नेपालीका साथै विभिन्न देशका आरोहीले विभिन्न कीर्तिमान कायम गरेका छन् ।

**दु:खद् अवसान**

सगरमाथामा आरोहणकै क्रममा दु:खद् निधन हुनेहरूको सङ्ख्या पनि सानो छैन । सन् २०२५ सम्ममा ३३९ जनाभन्दा बढीको निधन भइसकेको तथ्याङ् रहेको छ । यसपटक विभिन्न

*बाँकी तीन पृष्ठमा*

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# राजनीतिक परिवर्तनले मात्र युगका अपेक्षा पूरा हुँदैनन्, राज्यसत्ताको चरित्र र आचरणमा बदलाब ल्याउनुपर्छः राष्ट्रपति पौडेल

काठमाडौं, १५ जेठ (रासस)।

राष्ट्रपति रामचन्द्र पौडेलले राजनीतिक व्यवस्था र शासकीय संरचनामा हुने परिवर्तनबाट मात्र युगका अपेक्षा पूरा नहुने बताउनुभएको छ।

गणतन्त्र दिवसका अवसरमा सैनिक मञ्चमा शुक्रबार आयोजित विशेष समारोहमा उहाँले त्यसका लागि राज्यसत्ताको चरित्र, आचरण, राजनीतिक निष्ठा र मूल्यमान्यतामा पनि परिवर्तन ल्याउन आवश्यक भएको बताउनुभयो। "अन्यथा, व्यवहारले राजनीतिक परिवर्तनलाई पुष्टि गर्दैन", राष्ट्रपति पौडेलले भन्नुभयो।

गणतन्त्रको मर्यादालाई बचाउन र यसलाई अझ समृद्ध बनाउन राजनीतिक निष्ठा, मूल्यमान्यता एवं आचरणमा परिवर्तनसहित एकताबद्ध भएर लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो। "यसका आफ्नै मूल्यमान्यता र नैतिक दायराहरू हुन्छन्, त्यसलाई बिर्सिएर हामीले इतिहासको अभिभारा पूरा गर्न सक्दैनौं", राष्ट्रपतिले भन्नुभयो।

सामाजिक न्याय, विकास र समृद्धि सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उच्चतम र सार्थक अभ्यासमा अगाडि बढ्न तथा राजनीति, राज्य र राजकाजलाई नैतिकता, निष्ठा र मूल्यमान्यताको सीमाभित्र आबद्ध गर्न आजका दिनले प्रेरणा दिने उहाँले विश्वास व्यक्त गर्नुभयो।

मुलुकमा उत्पन्न विषम परिस्थितिपछि प्रतिनिधिसभा निर्वाचन सफलतापूर्वक सम्पन्न भएर बलियो जनादेशसहितको सरकार बनेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले जनचाहनाअनुसार समृद्धिका लागि सुशासन, सार्वजनिक सेवा प्रवाहमा सुधार, आर्थिक पुनरुत्थान, भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता र सामाजिक उन्नतिलाई आफ्नो आधारभूत मार्गदर्शनका रुपमा अगाडि बढाउने निर्णय गरेको बताउनुभयो।

उहाँले शासकीय सुधारका एक सय कार्यसूचीलाई पूर्ण कार्यान्वयन गर्दै सीमारहित अर्थतन्त्र, तौलरहित व्यापारको निमित्त संरचनागत र कानूनी सुधार गर्ने सरकारको निर्णय कार्यान्वयन भई जनतामा आशा जागृत हुने विश्वास व्यक्त गर्नुभयो।

ढिलासुस्ती, अनियमितता र बेथिति प्रमुख सत्रु भएको जनाउँदै राष्ट्रपतिले लोकतान्त्रिक गणतन्त्रको सुन्दर सपना बोकेका नागरिकलाई यीनै बेथितिले निराश नबनाउने भन्नेतर्फ ध्यान दिनुपर्ने बताउनुभयो। "जबसम्म प्रत्येक नागरिकका जीवनमा आशाको दियो बल्नेछैन, त्यो बेलासम्म हामीले रगत र पसिनासँग साटेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको लक्ष्य पूरा हुँदैन", राष्ट्रपतिले भन्नुभयो।

नागरिकले सुशासनसहितको समृद्धि खोजिरहेको भन्दै उहाँले यसका लागि हाम्रा स्रोतको उच्चतम् प्रयोग गर्न आवश्यक भएको बताउनुभयो। "आर्थिक विकास र समृद्धिबाट शासन व्यवस्थालाई नागरिकको जीवनसँग जोड्न सक्छौं, यो नै आजका लागि हाम्रो ऐतिहासिक अभिभारा हो", उहाँले भन्नुभयो।

परिवर्तनलाई नागरिकको जीवनसँग जोड्न राजनीतिक उपलब्धि मात्रै पर्याप्त नहुने भन्दै राष्ट्रपतिले शासकीय चरित्रसँगै राजनीति, पार्टी र नेताको चरित्रलाई पनि बदल्नुपर्ने धारणा व्यक्त गर्नुभयो। "गणतन्त्रको उत्कृष्टताको सार्थकता प्राप्त गर्न हाम्रो राजनीति, हाम्रो शासकीय शैली, राजनीतिक दल र जनप्रतिनिधिमूलक संस्थाहरूलाई पूर्ण लोकतान्त्रिक, निष्पक्ष, प्रतिस्पर्धात्मक, न्यायपूर्ण र प्रभावकारी बनाउन ढिलो गर्न हुन्न भन्ने म ठान्दछु", उहाँले भन्नुभयो।

राष्ट्रपति पौडेलले प्राप्त उपलब्धिलाई सबल बनाउन सम्पूर्ण त्याग र विनयशीलताका साथ प्रयत्न गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले राजनीतिक अधिकारको जगमा सामाजिक न्यायसहितको आर्थिक र सामाजिक समृद्धि सुनिश्चित गर्नुपर्ने धारणा राख्नुभयो।

"हाम्रा राजनीतिक दल, हाम्रो सरकार, हाम्रो नेतृत्व सृजनशील, विनयशील र जनउत्तरदायी तथा चरित्रवान र आचरणशील हुनैपर्दछ, हाम्रा शासकीय संरचना र राज्यअङ्गहरूलाई गतिशील र परिणाममुखी बनाउनै पर्दछ, हामीले सशासनको प्रत्याभूति दिनै पर्दछ", राष्ट्रपतिले भन्नुभयो।

राष्ट्रपति पौडेलले स्थानीय र प्रदेश सरकारले संविधानबमोजिमको जिम्मेवारी निर्वाह गरिरहेको उल्लेख गर्दै शासकीय व्यवस्थामा जनताका घरआँगनबाट सार्वभौमिकताको अभ्यास भइरहेको बताउनुभयो। "नागरिकको गुनासो भए शासकीय संरचनाबाट नै सम्बोधन गर्न सकिने उदार, उन्नत लोकतान्त्रिक अभ्यास भइरहेको छ, यसले लोकतन्त्रको जग बलियो बनाउँछ", उहाँले भन्नुभयो।

# जीवन बिमा शुल्कबाट एक खर्ब २७ अर्ब ६९ करोड संकलन

काठमाडौं, १५ जेठ (रासस)।

जीवन बिमा शुल्कमार्फत रु एक खर्ब २७ अर्ब ६९ करोड बराबरको रकम सङ्कलन भएको छ।

अर्थ मन्त्रालयले सार्वजनिक गरेको चालु आर्थिक वर्षको आर्थिक सर्वेक्षण अनुसार निर्जीवन बिमा शुल्क रु ३२ अर्ब ५३ करोड बराबर सङ्कलन भएको छ। कूल बिमा शुल्क २०८१ फागुनसम्मको तुलनामा चालु आवको फागुन मसान्तसम्म १६ दशमलव एक प्रतिशतले वृद्धि भई रु एक खर्ब ६० अर्ब २२ करोड बराबर पुगेको छ।

गत फागुन मसान्तसम्म सक्रिय बिमालेखमध्ये जीवन बिमातर्फको सङ्ख्या एक करोड ६२ लाख ५९ हजार ८३२ र निर्जीवन बिमातर्फको सङ्ख्या २१ लाख ६८ हजार ४५ बराबर रहेको छ। चालु आवको फागुनसम्म जीवन बिमातर्फ एक लाख २५ हजार ८३० बिमा दाबीअन्तर्गत रु २६ अर्ब ८४ करोड बराबरको रकम दाबी भुक्तानी गरिएको सर्वेक्षणमा उल्लेख छ।

निर्जीवन बिमातर्फ ९४ हजार २१५ बिमा दाबीअन्तर्गत रु १७ अर्ब ३१ करोड बराबरको रकम भुक्तानी गरिएको छ। बिमा क्षेत्रमा जीवन र लघु जीवन बिमातर्फ गरी १२ हजार ४३० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्। सर्वेक्षण अनुसार २०८१ फागुनसम्म करिब चार लाख १२ हजार ४५२ अभिकर्ता अप्रत्यक्ष रोजगारीमा छन्।

निर्जीवन बिमा व्यवसायको क्षति मूल्याङ्कन गर्ने एक हजार २२४ सर्भेयर र १६ पुनःबिमा अभिकर्ताले रोजगारी पाएका छन्।

## कीर्तिमानले ...

हिमालमा केही आरोहीको दुःखद् निधन हुन पुग्यो। हालसम्ममा सात जना आरोहीको आरोहणका क्रममा ज्यान गएको छ, जसमध्ये सगरमाथामा पाँच जना र मकालु र मकालु दोस्रोमा एक-एक जनाको निधन भएको थियो। सगरमाथाको तेस्रो शिवर नजिकै खाल्डोमा खसेर सोलुखुम्बुको थामेका २१ वर्षीय फुर्बा ग्याल्जेन शेर्पाको निधन भएको थियो।

यस्तै सोलुखुम्बुको सोलु दूधकुण्ड नगरपालिका निवासी दलित समुदायका पहिलो सगरमाथा आरोही ३५ वर्षिय विजय घिमिरे विश्वकर्माको खुम्बु आइसफलमा निधन भएको थियो। सोलुखुम्बुकै गुदेलका ५२ वर्षिय लाक्पा डेन्डी शेर्पाको भने गोरक्षेपबाट सगरमाथा आधार शिविरसम्म पदयात्रा गर्ने क्रममा लडेर निधन भएको थियो। पछिल्लो पटक दुईजना भारतीय आरोहीको सगरमाथा चढेर फर्कने क्रममा दुःखद् निधन भएको थियो। निधन हुनु भएकाहरूमा ५३ वर्षिय अरुणकुमार तिवारी र ४६ वर्षिय सन्दिप ऐरी हुनुहुन्थ्यो।

**अर्बौं राजस्व सङ्कलन**

नेपाल सरकारले हिमाल आरोहणका लागि अनुमति प्रदान गरेर करिब एक अर्ब २६ करोड रुपैया राजस्व सङ्कलन गरेको छ, जसमध्ये सबैभन्दा बढी सगरमाथा आरोहण अनुमतिबाट करिब एक अर्ब आठ करोड रुपैया प्राप्त भएको थियो। सगरमाथा आरोहणका लागि बिदेशी आरोहीले प्रतिव्यक्ति १५ हजार अमेरिकी डलर राजस्व तिर्नु पर्दछ। नेपाली आरोहीले भने प्रतिव्यक्ति एक लाख ५० हजार रुपैंया सरकारलाई बुझाउनु पर्ने नियम रहेको छ।

नेपालको पर्वतारोहण क्षेत्रले विश्वमा आफ्नो विशिष्ठ पहिचान बढाउँदै दरिलो आर्थिक स्रोत जुटाएर मुलुकको अर्थतन्त्रलाई नै उल्लेखनीय सहयोग गर्दै आइरहेको छ। यस क्षेत्रले आरोहण दस्तुरबापत वर्षेनी सङ्कलन गर्ने गरेको अर्बौं रुपैयाँका साथै सयौं सर्वसाधारणलाई रोजगार दिलाएर उल्लेखनीय कार्य गर्दै आइरहेको छ। हाल लाखौं नेपालीहरू रोजगारका लागि विदेसिएको वर्तमान अवस्थामा पर्वतीय पर्यटन मुलुकमै काम गरेर गुजारा गर्ने माध्यम बनिरहेको छ।

सहासी पथ प्रदर्शकको परिचय बनाएका नेपाली शेर्पाहरूले असाधारण क्षमताका साथ कठिन चुनौती व्यहोर्दै आइरहेका छन्। पर्वतारोहणका सिलसिलामा ज्यान समेत जानसक्ने जोखिम बारे जानकार हुँदाहुँदै पनि उनीहरूले विश्वका विभिन्न मुलुकका पर्वतारोहीहरूले सपना पूरा गर्न नेतृत्वदायी भूमिका खेल्दै आइरहेका छन्। हिमाल चढ्ने काम खतराजनक भए पनि कीर्तिमानी आरोहीहरूलाई नेपालमा खासै सम्मान तथा सुविधा नभएको आवाज विगतदेखि नै उठ्दै आइरहेको छ। यसका लागि सरकारले नै नीतिगत रुपमा निर्णय लिएर कीर्तिमानीहरूको सम्मानका लागि अग्रसरता लिनु जरुरी भएको महसुस गरिएको छ। कीर्तिमानी आरोहीहरूलाई बिमानस्थल, अस्पताललगायतका सार्वजनिक स्थलहरूमा सामान्य सुविधा मात्र प्रदान गर्न सकिएको खण्डमा उनीहरूले आफूलाई सम्मानीत महसुस गर्नसक्ने अवस्था सिर्जना हुन सक्थ्यो। यसबाट कीर्तिमानीहरू विदेश पलायन हुनबाट पनि रोक्न केही योगदान पुग्न जाने अपेक्षा गर्न सकिन्थ्यो।

यस वर्ष सगरमाथा आरोहण गर्नेहरूको सङ्ख्यामा उल्लेखनीय वृद्धि हुनु मुलुकका लागि सकारात्मक उपलब्धि हो। यो वर्षको सफलताले आगामी वर्ष सगरमाथामा आउन चाहनेहरूको सङ्ख्या पक्कै बढ्ने सङ्केत मिलेको छ तर आरोहणको गरिमालाई जोगाउन सरकारले यथोचित नीति तर्जुमा गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ। सगरमाथामा देखिएको ट्राफिक जामलाई कसरी व्यवस्थापन गर्न सकिन्छ भन्नेतर्फ पनि विशेष ध्यान दिनुपर्ने देखिएको छ। एकै सिजनमा सफल आरोहीहरूको सङ्ख्या ह्वात्तै बढेपछि सगरमाथा चढन सजिलो छ भन्ने भाष्य स्थापित नहोस् भन्नेतर्फ सचेत हुनुपर्ने अवस्था सिर्जना भएको छ। अब सगरमाथा आरोहण गर्नका लागि आवश्यक मापदण्डको समय अनुसार परिमार्जन गर्नु पर्ने देखिएको छ। यसैगरी हिमालमा सङ्कलन भएका अर्बौं रुपैयाँ राजस्व हिमालमा आरोहणको सिलसिलामा निधन भएकाहरूको परिवारको उचित जीविकोपार्जन साथै हिमाली क्षेत्रको तत्काल आवश्यकता अनुसारका क्षेत्र विकासमा खर्च गर्नुपर्ने आवश्यकता महसुस गरिएको छ।

सगरमाथा आरोहणको मौसम समाप्त भैरहेको अवस्थामा आरोहीहरू सुखद सम्झना लिएर विश्वका विभिन्न कुनामा रहेका आआफ्ना घर फर्किँदै छन्। उनीहरूको माध्यमबाट विभिन्न देशमा पुगेका सगरमाथाका जीवन्त तस्बिर र भिडियोले नेपालको प्राकृतिक सौन्दर्यप्रति आकर्षित हुनेहरूको सङ्ख्या अझै बढ्न जाने सहजै अपेक्षा गर्न सकिन्छ। यस सन्दर्भमा यसपालिको बसन्त ऋतु अन्यन्त सफल सिजन बन्न गएको अनुभव गरिएको छ तर सगरमाथाको साखलाई यथावत राखेर यसलाई फोहरको डङ्गुर बन्न नदिनेतर्फ पनि सचेतता महत्वपूर्ण मानिएको छ। आरोही टोलीले सगरमाथाको आधारशिविरका साथै विभिन्न उचाइमा स्थापना गरेका शिविरमा उत्पन्न गरेको फोहरको उचित व्यवस्थापनका लागि सम्बन्धित सबैले सक्रियता जनाएर सगरमाथाको वातावरणीय स्वच्छता कायम गर्न एक्यबद्धता जनाउनु जरुरी ठानिएको छ।

# विश्व समाचार

## इरान-अमेरिका युद्धविराम विस्तार

वासिङ्टन, १५ जेठ (रासस/एपी)।

तीन महिनादेखि जारी युद्धलाई ६० दिनका लागि युद्धविराम विस्तार गर्ने तथा इरानको आणविक कार्यक्रमसम्बन्धी नयाँ चरणको वार्ता सुरु गर्ने विषयमा अमेरिका र इरानका वार्ताकारहरूबीच अस्थायी सम्झौता भएको छ। तर इरानले भने अहिलेसम्म उक्त सम्झौताको औपचारिक पुष्टि गरेको छैन। अमेरिकी पक्षबाट उपराष्ट्रपति जेडी भान्सले सम्झौता भएको जानकारी दिनुभएको छ। यद्यपि राष्ट्रपति डोनाल्ड ट्रम्पले यसलाई अनुमोदन गर्ने वा नगर्ने विषय अझै स्पष्ट नभएको बताइएको छ। उहाँका अनुसार केही प्राविधिक तथा भाषागत बुँदाहरूमा छलफल जारी छ र अन्तिम सहमति अझै टुङ्गिएको छैन।

सम्झौतासँगै हर्मुज जलघाँटीसम्बन्धी प्रावधानहरू पनि अगाडि सारिएको जनाइएको छ। प्रस्तावअनुसार इरानले उक्त सामरिक जलमार्गमा टोल लगाउने अधिकार प्रयोग गर्न नपाउने तथा ३० दिनभित्र त्यहाँ राखिएका सबै खानी हटाउनुपर्ने व्यवस्था समेटिएको छ। ती अधिकारीले सार्वजनिक रूपमा बोल्न अधिकार नभएकाले नाम नखुलाउने सर्तमा जानकारी दिएका हुन्। युद्धका क्रममा इरानले यो जलमार्ग प्रभावकारी रूपमा बन्द गरेपछि विश्व व्यापारमा प्रयोग हुने तेल र ग्यासको करिब पाँचौं भाग प्रभावित भएको बताइएको छ। यसैबीच, अमेरिकाले इरानी बन्दरगाहहरूमा गरिएको नौसैनिक दबाब क्रमशः हटाउने र प्रतिबन्धहरू खुकुलो पार्दै इरानलाई थप तेल बिक्री गर्न अनुमति दिने तयारी गरेको छ। अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले सम्झौता अन्तिम भएपछि तेलको मूल्य छिट्टै घट्न सक्ने अनुमान व्यक्त गर्नुभएको छ। यद्यपि, अमेरिकाले इरानी तेल बिक्रीसँग सम्बन्धित थप प्रतिबन्धहरू पनि लगाएको छ, जसले आर्थिक दबाब अभियान अझ विस्तार गरेको देखिएको छ।

इरानले केही व्यावसायिक जहाजहरूलाई आवतजावत गर्न दिएको दाबी गरे पनि यस महिनामा औसत दैनिक जहाज आवागमन युद्धपूर्वको तुलनामा निकै घटेको छ। यसबीच इस्लामिक गणतन्त्रले केही जहाजबाट टोल पनि असुल गरेको आरोप छ र यसै सन्दर्भमा नयाँ औपचारिक नियन्त्रण निकाय स्थापना गरिएको उल्लेख गरिएको छ। सम्झौताको मुख्य संवेदनशील विषय इरानको अत्यधिक संवर्धित युरेनियम भण्डारण रहेको बताइएको छ। अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीका अनुसार इरानसँग ४४०.९ किलोग्राम युरेनियम छ, जुन ६० प्रतिशतसम्म संवर्धित छ र यो हतियार-स्तर ९० प्रतिशतभन्दा केही तल मात्र रहेको प्राविधिक सीमा हो। वार्ताकारहरूले उक्त भण्डारणको भविष्यबारे प्रारम्भिक सहमति खोज्ने प्रयास गरिरहेको जनाइएको छ, जसको विस्तृत रूप आगामी वार्तामा तय हुने अपेक्षा गरिएको छ।

उपराष्ट्रपति भान्सले आणविक सामग्री, संवर्धित भण्डार र संवर्धन प्रक्रियासम्बन्धी विषय अझै छलफलमै रहेको बताउँदै लामो समयसम्म असर पार्ने किसिमको समाधान खोज्ने प्रयास भइरहेको उल्लेख गर्नुभयो। तर इरानले भने आफ्ना युरेनियम भण्डार पूर्ण रूपमा त्याग्ने प्रतिबद्धता अझै सार्वजनिक रूपमा जनाएको छैन। केही विश्लेषकहरूले उक्त भण्डारलाई चीन वा रूसजस्ता तेस्रो पक्षलाई जिम्मा दिने विकल्पबारे छलफल हुन सक्ने सङ्केत गरेका छन्। यद्यपि अमेरिकी राष्ट्रपति ट्रम्पले यस्तो योजनामा सहज नहुने स्पष्ट पार्नुभएको छ। यता इरानले वार्तामा लेबनानमा इजरायली सैन्य कारवाही रोक्ने विषय पनि समावेश हुनुपर्ने अडान दोहोऱ्याएको छ। यसैबीच लेबनानको राजधानी बेरुत आसपास र दक्षिणी क्षेत्रमा भएको आक्रमणपछि तनाव अझ बढेको छ, जसमा कम्तीमा १४ जनाको मृत्यु भएको विवरण सार्वजनिक भएको छ। क्षेत्रीय सुरक्षाको अवस्था थप जटिल बन्दै जाँदा कुवेतले आफ्नो हवाई प्रतिरक्षा प्रणालीमार्फत इरानबाट प्रक्षेपित मिसाइल र ड्रोनहरू रोकिएको जनाएको छ। कुवेतको विदेश मन्त्रालयले यसलाई स्पष्ट आक्रमण भन्दै निन्दा गरेको छ भने अमेरिकी सेन्ट्रल कमान्डले यसलाई गम्भीर युद्धविराम उल्लङ्घनको रूपमा व्याख्या गरेको छ।

अमेरिकी अधिकारीहरूका अनुसार हालैका दिनहरूमा इरानमाथि थप कारवाही गरिएको छ। यसमा ड्रोनहरू खसाल्ने र केही सैन्य संरचनामा आक्रमण गर्ने कार्य पनि समावेश छ। इरानले भने आफ्ना रिभोलुसनरी गार्डमार्फत प्रतिकारात्मक आक्रमण गरेको जनाएको छ। यद्यपि त्यसको विस्तृत लक्ष्यबारे स्पष्ट जानकारी दिएको छैन। अस्थायी सम्झौताको विवरण पहिले समाचार संस्था एक्सियोसले सार्वजनिक गरेको थियो। यद्यपि दुवै पक्षले आंशिक सहमति र आंशिक असहमतिको अवस्थामा वार्ता जारी राखिरहेका छन्। अमेरिकी उपराष्ट्रपति भान्सका अनुसार युद्धविराम पूर्ण रूपमा स्थिर नभए पनि हालसम्म 'धेरै हदसम्म टिकिरहेको' छ र वार्ता निरन्तर अगाडि बढिरहेको छ। पछि बिहीबार इरानको प्रतिरक्षा प्रणालीले दक्षिणी सहर जाम नजिकै एक 'शत्रुतापूर्ण विमान' नष्ट गरेको दाबी गरिएको छ। स्थानीय अधिकारीहरूका अनुसार घटनाबारे थप विवरण तत्काल उपलब्ध नभए पनि क्षेत्रीय तनाव अझै उच्च अवस्थामा रहेको छ।

## विश्वकप सट्टेबाजी बजार ५० अर्ब डलर नाघ्ने अनुमान

पेरिस, १५ जेठ (रासस/एएफपी)।

आगामी विश्वकपले विश्वव्यापी सट्टेबाजी बजारमा अभूतपूर्व उछाल ल्याउने अपेक्षा गरिएको छ। सट्टेबाजी विज्ञहरूले प्रतियोगिताबाट मात्रै ५० अर्ब अमेरिकी डलरभन्दा बढी राजस्व सङ्कलन हुने अनुमान गरेका छन्, जसले यसलाई 'सहरको सबैभन्दा ठूलो सर्कस' जस्तो विशाल आर्थिक घटनाका रूपमा चित्रित गरेको छ। स्पोर्टराडारका प्रवन्धित व्यापार सेवाका प्रबन्ध निर्देशक ड्यारेन स्मलका अनुसार विश्वकप विस्तार, खेलाडी केन्द्रित सट्टेबाजी र डिजिटल प्लेटफर्महरूको वृद्धिले बजारलाई नयाँ उचाइमा पुऱ्याएको हो। उहाँका अनुसार कतार विश्वकपपछि टोली सङ्ख्या ३२ बाट ४८ मा विस्तार हुँदा सट्टेबाजी गतिविधिमा उल्लेखनीय वृद्धि हुने निश्चित छ।

उहाँले अब परम्परागत टोली-आधारित सट्टेबाजीभन्दा पनि खेलाडीको व्यक्तिगत प्रदर्शन, सेलिब्रेटी प्रभाव र 'प्लेयर प्रोप्स' जस्ता विकल्पमा ग्राहकको रुचि तीव्र रूपमा बढेको बताउनुभयो। यस अन्तर्गत गोल सङ्ख्या, पास, ट्याकलदेखि लिएर विशेष खेल परिस्थितिहरूसम्मका आधारित अनुकूल सट्टेबाजी विकल्पहरू लोकप्रिय बन्दै गएको उहाँको भनाइ छ। स्पोर्टराडारका अनुसार ग्राहकहरूले अब खेललाई कथात्मक शैलीमा हेर्ने गरेका छन्, जसमा गोलकर्ता, खेलको नतिजा र विशेष घटनाहरूलाई जोडेर 'बेट बिल्डर' तयार गर्ने प्रवृत्ति बढेको छ।

# मधेस प्रदेशको नीति तथा कार्यक्रम : कृषिलाई प्राथमिकता

धनुषा, १५ जेठ (रासस)।

मधेस प्रदेश सरकारको आर्थिक वर्ष २०८३/ ८४ को नीति तथा कार्यक्रम प्रदेशसभामा प्रस्तुत भएको छ। प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले मधेस प्रदेशसभामा अगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम शुक्रबार प्रस्तुत गर्नुभएको हो।

कृषिलाई प्राथमिकतामा राखेर सरकारले नीति तथा कार्यक्रम ल्याएको छ। 'मेड इन मधेस, समृद्ध प्रदेश', 'उद्यमशील मधेस, आत्मनिर्भर देश' नारालाई केन्द्रमा राखेर सरकारले उत्पादनमा जोड दिने नीति लिएको छ।

मधेस प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि सार्वजनिक गरेको नीति तथा कार्यक्रममा शिक्षा, कृषि, स्वास्थ्य र सामाजिक विकासका क्षेत्रमा व्यापक सुधार तथा नयाँ योजनाहरू अघि सारेको छ। 'समृद्ध मधेस' निर्माणको लक्ष्यसहित सरकारले उत्पादन, रोजगारी, गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा तथा समावेशी समाज निर्माणलाई प्राथमिकतामा राखेको जनाएको छ।

प्रदेश सरकारले 'मेड इन मधेस, समृद्ध प्रदेश' र 'उत्पादनशील मधेस, आत्मनिर्भर देश' अभियानमार्फत खाद्यान्न उत्पादन वृद्धि गरी कृषि आयात घटाउने रहेको छ। धान, गहुँ, मकै, कोदो, तेलहन र दलहनको बीउमा आत्मनिर्भर बन्न 'बीउ प्रवर्द्धन परियोजना' सञ्चालन गरिने उल्लेख गरिएको छ।

मखान खेतीलाई व्यावसायिक रूपमा विस्तार गर्दै प्रशोधन, प्याकेजिङ र ब्रान्डिङमा किसानलाई प्रोत्साहन गरिने नीति पनि समेटिएको छ।

माछापालन, दुग्ध तथा मासु उत्पादन वृद्धि, जैविक खेती प्रवर्द्धन, उखुखेती सुधार, सौर्य सिँचाइ, कृषि बीमा तथा किसानलाई प्रत्यक्ष अनुदान दिने कार्यक्रम ल्याइएको छ।

स्थानीय तहसँग मिलेर 'कृषि सङ्कलन केन्द्र', 'कोल्ड रूम', 'दूध चिस्यान केन्द्र' स्थापना गरिने तथा कृषि एम्बुलेन्स सञ्चालनमा ल्याइने योजना पनि सरकारले अघि सारेको छ।

बाँझो जमिन उपयोगका लागि 'प्रदेश भूमि बैङ्क' अवधारणा अघि बढाइने र कृषि महिला स्वयंसेविका परिचालन गरी किसानलाई आधुनिक कृषि तालिम दिइने कार्यक्रम पनि समावेश गरिएको छ।

प्रदेश सरकारले 'अप्पन बच्चाके स्कुल पठाऊ, साक्षरता के दीप जलाऊ' अभियानमार्फत सघन साक्षरता अभियान सञ्चालन गर्ने घोषणा गरेको छ। सामुदायिक विद्यालयमा स्मार्ट बोर्ड जडान, डिजिटल शिक्षण प्रणाली विस्तार तथा शिक्षकलाई स्टिम (विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित) आधारित तालिम प्रदान गरिने नीति लिइएको छ।

विद्यालयमा 'प्रदेश स्वयंसेवक शिक्षक' र 'विद्यालय नर्स' कार्यक्रम आधारभूत तहसम्म विस्तार गरिनेछ।

मधेस विश्वविद्यालय, कृषि विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई सुदृढ बनाउने कार्यक्रम पनि नीति तथा कार्यक्रममा समेटिएको छ।

प्रत्येक प्रदेश निर्वाचन क्षेत्रमा कम्तीमा एउटा आवासीय नमूना विद्यालय स्थापना गरिने, सार्वजनिक पुस्तकालय र विज्ञान प्रयोगशाला निर्माणलाई प्राथमिकता दिइने उल्लेख गरिएको छ।

प्रारम्भिक बाल विकास केन्द्रलाई डिजिटल उपकरण, शैक्षिक खेलौना र विज्ञान केन्द्रसहित नमूना केन्द्रका रूपमा विकास गरिने सरकारको योजना छ।

मधेस सरकारले मातृ तथा शिशु स्वास्थ्य, पूर्ण खोप, परिवार योजना र पोषण कार्यक्रमलाई प्राथमिकता दिएको छ।

नसर्ने रोग, महामारी तथा उष्णप्रदेशीय रोग नियन्त्रणका लागि 'एकीकृत जनस्वास्थ्य सुरक्षा रणनीति' लागू गरिनेछ।

'मेरो स्वास्थ्य-मेरो जिम्मेवारी' अभियानअन्तर्गत गाउँस्तरसम्म 'नागरिक आरोग्य सेवा केन्द्र' स्थापना गरिने नीति सरकारले अघि सारेको छ।

प्रादेशिक अस्पतालमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, विपन्न र एकल महिलाका लागि विशेष वार्ड स्थापना गरिने तथा मानसिक स्वास्थ्य उपचार कक्ष सञ्चालन गरिने घोषणा गरिएको छ।

रेबिज खोप, सर्पदंश औषधि र निःशुल्क रगत व्यवस्थापनलाई सुदृढ बनाइने तथा प्रादेशिक अस्पताललाई अत्याधुनिक उपकरणसहित स्तरोन्नति गरिने उल्लेख गरिएको छ।

प्रदेशभित्र विशेषज्ञ उपचार सेवा विस्तार गर्दै स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्ने योजना पनि कार्यक्रममा समेटिएको छ।

सरकारले 'समावेशी समाज, सशक्त मधेस' नारासहित महिला, दलित, युवा, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक अल्पसङ्ख्यक तथा विपन्न समुदायलाई लक्षित कार्यक्रम ल्याएको छ।

'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रमलाई परिमार्जन गरी महिला स्वरोजगार कार्यक्रमसँग जोडिनेछ। महिलालाई सीप, सहुलियतपूर्ण ऋण र बजार पहुँच उपलब्ध गराइने उल्लेख गरिएको छ।

बालविवाह, दाइजो प्रथा, लैङ्गिक हिंसा तथा विभेद अन्त्यका लागि विशेष सचेतना अभियान सञ्चालन गरिने सरकारको योजना छ।

सडक आश्रित र असहाय व्यक्तिका लागि 'सेफ हाउस' स्थापना गरिने तथा प्रत्येक जिल्लामा निःशुल्क कानुनी सहायता डेस्क सञ्चालन गरिने नीति पनि समेटिएको छ।

युवालाई खेलकुद, डिजिटल सीप, ई-कमर्स र स्वरोजगारसँग जोड्दै कम्तीमा एक लाख नयाँ डिजिटल उद्यमी उत्पादन गर्ने लक्ष्य सरकारले लिएको छ।

साइबर अपराध नियन्त्रण, मातृभाषा संरक्षण, सांस्कृतिक पर्यटन, धार्मिक स्थल विकास तथा मिथिला संस्कृतिको अन्तरराष्ट्रिय प्रवर्द्धनका कार्यक्रम पनि नीति तथा कार्यक्रममा समावेश गरिएको छ।

प्रदेश सरकारले सडक, सिँचाइ, सुरक्षित आवास, जलस्रोत संरक्षण, विपद् व्यवस्थापन तथा हरित पूर्वाधार निर्माणलाई पनि उच्च प्राथमिकता दिएको छ।

विद्युतीय सवारी प्रवर्द्धन, चार्जिङ स्टेसन निर्माण, स्मार्ट प्रहरी चौकी, डिजिटल सेवा प्रणाली तथा 'पेपरलेस, लाइनरहित र अनुहाररहित' सेवा प्रवाहको नीति पनि ल्याइएको छ।

सरकारले यस नीति तथा कार्यक्रममार्फत कृषि उत्पादन, मानव विकास, सामाजिक समावेशीकरण र पूर्वाधार विस्तारलाई एकीकृत रूपमा अघि बढाउँदै मधेसलाई आत्मनिर्भर र समृद्ध प्रदेश बनाउने लक्ष्य प्रस्तुत गरेको छ।

# देशभर ३२ हजार ३२५ सहकारी, शेयर पुँजी एक खर्ब ४३ अर्ब २९ करोड

काठमाडौँ, १५ जेठ (रासस)।

अर्थ मन्त्रालयले जारी गरेको आर्थिक वर्ष २०८२/२०८३ को आर्थिक सर्वेक्षणमा २०८२ फागुन मसान्तसम्म देशभर दर्ता भएका सहकारीको सङ्ख्या ३२ हजार ३२५ पुगेको उल्लेख छ।

सहकारी क्षेत्रमा रु १० खर्ब २९ अर्ब ५७ करोड बचत परिचालन भएको छ भने ८२ हजार २१६ व्यक्तिले प्रत्यक्ष रोजगारी पाएका छन्।

सहकारीसम्बन्धी एकीकृत तथ्याङ्कको लागि विकास गरिएको सहकारी तथा गरिबी सूचना व्यवस्थापन प्रणाली (कोपोमिस) मा २०८२ फागुन मसान्तसम्म १९ हजार ९०३ सहकारी आबद्ध भएका छन्। कोपोमिसमा २०८१ असार मसान्तसम्म १८ हजार ८९७ सहकारी आबद्ध भएका थिए।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणले नेपालको सहकारी क्षेत्रको नियमन गर्दै ८३४ सहकारी संस्थालाई सञ्चालन इजाजतपत्र प्रदान गरेको छ।

सङ्घीय सरकारबाट समस्याग्रस्त घोषित २३ सहकारी संस्थामध्ये तीन संस्था राफसाफ भएको छ। बाँकी २० सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी हुन बाँकी छ।

हालसम्म विभिन्न चरणमा कूल ८० हजार ८७ दाबीकर्ताको रु ४७ अर्ब ६० करोड १३ लाख माग दाबी दर्ता भएको छ।

हालसम्म तीन हजार ६८८ दाबीकर्तालाई पूर्ण रुपमा कूल रु दुई अर्ब ५४ करोड ६८ लाख माग दाबी भुक्तान गरिएको छ। साथै चालु आर्थिक वर्षको फागुनसम्म आठ हजार ७६३ दाबीकर्तालाई रु १२ करोड २३ लाख रकम फिर्ता गरिएको सर्वेक्षणमा उल्लेख छ।

# सात हजार ४६२ बालबालिका सरकारको संरक्षणमा

काठमाडौँ, १५ जेठ (रासस)।

चालु आर्थिक वर्षमा बालबालिका विरुद्धको हिंसा तथा जोखिममा परेका ५८८ जनाको उद्धार गरिएको छ। सरकारद्वारा सार्वजनिक गरिएको आर्थिक सर्वेक्षण २०८२/८३ अनुसार चालु आवको फागुनसम्ममा उद्धार गरिएका ५८८ जनासमेत गरी सरकारले सात हजार ४६२ बालबालिकालाई आवश्यक राहत, संरक्षण, मनोविमर्शलगायत सेवा उपलब्ध गराएको हो।

आव २०८१/८२ मा हिंसा तथा जोखिममा परेका एक हजार ५५ बालबालिकाको तत्काल उद्धार गरिएको थियो। त्यसैगरी, सरकारले सडक बालबालिका मुक्त नेपाल बनाउने अभियानअनुसार २०७३ वैशाख २७ देखि २०८२ को फागुनसम्म दुई हजार ६५८ (बालक दुई हजार २५८ र बालिका ४००) सडक बालबालिकाको उद्धार गरी संरक्षण र व्यवस्थापन गरेको छ।

बालविवाह अन्त्यका लागि राष्ट्रिय रणनीति तथा कार्यान्वयन कार्ययोजना, २०८२ र बालबालिका उत्तरदायी बजेट सङ्केत कार्यविधि, २०८२ स्वीकृत गरी कार्यान्वयन गरेको छ। कानुनको विवादमा परेका एक हजार १७६ बालबालिका १० बालसुधार गृहमा रहेका छन्। चालु आवमा नुवाकोटस्थित केन्द्रीय कारागारमा १८ वर्ष माथिका बालकलाई व्यवस्थापन गर्नका लागि बालसुधारगृह सञ्चालनमा आएको छ।

चालु आवमा हराएका पाँच हजार ३६१ बालबालिका (बालक एक हजार ३८८ र बालिका तीन हजार ९७३ को खोजतलास गरी सोमध्ये चार हजार ९२९ जना ( बालक एक हजार २८९ र बालिका तीन हजार ६४०) बालबालिका फेला परी परिवारमा पुनर्मिलन भएका छन्।

आव २०८१/८२ मा देशभर हराएका आठ हजार १८९ (बालक दुई हजार १७९ र बालिका छ हजार जना बालबालिकाको खोजतलास गरी सोमध्ये फेला परेका सात हजार ६०४ (बालक दुई हजार ३७ र बालिका पाँच हजार ५६७ परिवारमा पुनर्मिलन भएका थिए।

आर्थिक वर्ष २०८१/८२ मा देशभर बेवारिसे अवस्थामा फेला परेका ४०९ बालबालिका (बालक २४६ र बालिका १६३) मध्ये २९८ बालबालिकाको परिवार खोजी गरी पारिवारिक पुनर्मिलन भएको छ। त्यसमध्ये १११ बालबालिकालाई पालनपोषण तथा संरक्षणका लागि बालगृह तथा अस्थायी संरक्षण सेवा केन्द्रको प्रबन्ध गरी पुनःस्थापना गरिएको छ।

राष्ट्रिय बालअधिकार परिषद्को समन्वय, सहयोग र सहजीकरणमा हालसम्म ७५३ स्थानीय तहमध्ये ३९४ स्थानीय तहमा स्थानीय बालअधिकार समिति गठन तथा सञ्चालन भएका छन्। चार सय ९० स्थानीय तहमा बालकल्याण अधिकारी नियुक्त भएका छन्। तीन सय १० स्थानीय तहमा स्थानीय बालकोष स्थापना भएको र ४४२ स्थानीय तहले बाल अधिकार सम्मान, संरक्षण, सम्वर्द्धनसम्बन्धी एकीकृत कार्यविधि निर्माण गरी लागू गरेका छन्।

# विभिन्न मुलुकका लागि राजदूत पदमा आवेदन/सिफारिस आह्वान

काठमाडौँ, १५ जेठ (रासस)।

परराष्ट्र मन्त्रालयले विभिन्न मुलुकहरूका लागि रिक्त नेपालको राजदूत पदमा आवेदन/सिफारिसका लागि आह्वान गरेको छ।

मुलुकको परराष्ट्र नीति, अन्तरराष्ट्रिय सम्बन्ध र कूटनीतिको प्रभावकारी सञ्चालन तथा प्रवर्द्धन गर्नका लागि मन्त्रालयले बिहीबार राजदूत पदमा योग्य तथा इच्छुक नेपाली नागरिकको दरखास्त/सिफारिस आह्वान गरेको हो। मन्त्रालयको सूचनाअनुसार यस नियुक्ति प्रक्रियाअन्तर्गत इच्छुक तथा योग्य उम्मेदवारहरूले स्वयंले पनि आफ्नो दरखास्त पेस गर्न सक्नेछन्। साथै अन्य कुनै व्यक्ति तथा निकायले योग्य उम्मेदवारको नाम सिफारिस गर्न सक्ने व्यवस्था गरिएको छ।

राजदूत नियुक्तिसम्बन्धी निर्देशिका, २०७५ को अधीनमा रही तयार गरिएको वेबसाइटमा उपलब्ध कार्यशर्तबमोजिमको आवश्यक योग्यता पुगेका उम्मेदवारको सिफारिस गर्न सकिनेछ। सम्भावित उम्मेदवारहरूको आवेदन/सिफारिस गर्दा मन्त्रालयको वेबसाइटमा उपलब्ध फारममार्फत विस्तृत व्यक्तिगत विवरणलगायतका कागजातहरू पेस गर्नुपर्नेछ वा मन्त्रालयले दिएको इमेल ठेगानामा सम्पर्क पनि गर्न सकिने सूचनामा उल्लेख छ।

दरखास्त/सिफारिस बुझाउने अन्तिम मिति यही जेठ २२ गते अपराह्न ५:०० बजेसम्म निर्धारण गरिएको छ भने रीत नपुगेका वा तोकिएको म्याद नाघी आएका आवेदनहरूलाई छनोट प्रक्रियामा समावेश नगरिने सूचनामा उल्लेख छ।

त्यसैगरी, मन्त्रालयले प्राप्त आवेदन तथा सिफारिसहरूबाट प्रारम्भिक सूची तयार गरी योग्यता र उपयुक्तताका आधारमा उम्मेदवारहरूको 'सर्टलिस्ट' गर्नेछ र 'सर्टलिस्ट'मा परेका उम्मेदवारहरूलाई मात्र थप प्रक्रियाका लागि सम्पर्क गरिने छ।

# 'आर्सेनिकमुक्त तराई अभियान' सञ्चालन गरिने

काठमाडौँ, १५ जेठ (रासस)।

सरकारले आगामी आर्थिक वर्षदेखि 'आर्सेनिकमुक्त तराई अभियान' सञ्चालन गरिने लक्ष्य राखेको छ।

सङ्घीय संसद्को संयुक्त बैठकमा आगामी आवको बजेट प्रस्तुत गर्नुहुँदै अर्थमन्त्री डा स्वर्णिम वाग्लेले आगामी वर्षदेखि तराई-मधेस क्षेत्रमा सुक्खायाममा हुने खानेपानीको चरम अभावलाई दिगो रूपमा समाधान गर्न समुदायस्तरमा डिपबोरिङसहितको खानेपानी प्रणाली विकास र 'आर्सेनिकमुक्त तराई अभियान' सञ्चालन गरिने जानकारी दिनुभयो।

उहाँका अनुसार तराई-मधेसमा अधुरा रहेका २८० वटा खानेपानी आयोजना सम्पन्न गर्न रु दुई अर्ब ५० करोड विनियोजन गरिएको छ।

"आगामी आर्थिक वर्ष याङ्री र लार्केखोलाबाट मेलम्चीमा पानी स्थानान्तरणका लागि अध्ययन सम्पन्न गरिनेछ। कीर्तिपुर, मध्यपुरथिमि, जोरपाटी, पेप्सीकोला, नागार्जुन तथा महालक्ष्मीलगायत क्षेत्रमा पाइप सञ्जाल विस्तारको कार्य सुरु गरिनेछ", उहाँले भन्नुभयो, "यस योजनाका लागि रु सात अर्ब २६ करोड विनियोजन गरिएको छ।"

# स्वदेशमै उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी बढे

काठमाडौँ, १५ जेठ (रासस)।

स्वदेशमै उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्यामा १० दशमलव नौ प्रतिशतले वृद्धि भएको छ।

आर्थिक वर्ष २०८०/८१ मा उच्चशिक्षा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या छ लाख ७२ हजार ४८९ रहेकामा आर्थिक वर्ष २०८१/८२ मा १० दशमलव नौ प्रतिशतले बढेर सात लाख ४५ हजार ७७० पुगेको हो।

आर्थिक सर्वेक्षण २०८२/८३ का अनुसार उच्च शिक्षा अध्ययनरत कूल विद्यार्थीमध्ये व्यवस्थापन सङ्कायमा सबैभन्दा बढी ५० दशमलव ५ प्रतिशत छन् भने कृषिमा सबैभन्दा कम शून्य दशमलव १५ प्रतिशत रहेको छ। व्यवस्थापन, शिक्षाशास्त्र र मानविकी तथा समाजशास्त्र सङ्कायमा अध्ययनरत विद्यार्थी करिब ८० प्रतिशत रहेका छन्।

केन्द्रीय/प्रादेशिक विश्वविद्यालय, स्वास्थ्य विज्ञान प्रतिष्ठान र विदेशी सम्बन्धनमा नेपालमा सञ्चालित क्याम्पसमा अध्ययनरत विद्यार्थीमध्ये त्रिभुवन विश्वविद्यालयअन्तर्गत आङ्गिकमा ४७ दशमलव नौ र सम्बन्धन प्राप्तमा २७ दशमलव ४ प्रतिशत गरी कूल ७५ दशमलव ३ प्रतिशत छन्। अन्य विश्वविद्यालय/कार्यक्रममा २४ दशमलव १ प्रतिशत विद्यार्थी छन्। सरकारी लगानीका हिसाबले त्रिभुवन विश्वविद्यालयमा ६७ दशमलव ५ प्रतिशत र अन्य विश्वविद्यालय/कार्यक्रममा ३२ दशमलव ५ प्रतिशत लगानी रहेको छ।

हाल मुलुकमा २०८२ फागुनसम्म १५ केन्द्रीय र छ प्रादेशिक गरी २१ विश्वविद्यालय तथा सङ्घअन्तर्गत छ र प्रदेशअन्तर्गत दुई गरी आठ स्वास्थ्य विज्ञान प्रतिष्ठान रहेका छन्।

**प्रकाशक/सहसम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट :** संजय शंखर
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*